**बैठक नं. २५३(३)१३**

**मिति २०७७।०५।०३**

## निर्णय

१. हाल देशमा कोरोना महामारीको कारणले मिति २०७७।०५।०३ बुधबार रातीदेखी एक सातासम्मको लागि स्थानीय प्रशासनद्वारा निषेधाज्ञा जारी गर्ने निर्णय गरेको परिप्रेक्षमा कठिनाई परिरहेको अवस्थामा जनताको सुसूचित हुन पाउने हकलाई पनि उच्च सम्मान गर्दै निरन्तरता दिनु पर्ने हुनाले न्यूनतम कर्मचारीको उपस्थितिमा (बढिमा ५०%) आयोगको काम कारबाही सञ्चालन गर्ने ।

२. सूचना दिवसको अवसरमा मनाइने दिवस यस पटक कोरोना महामारीका कारण भव्यरूपमा मनाउन नसकिएकोले उपयुक्त समय पारेर आगामी दिनमा आयोजना गर्ने ।

३. कोरोना महामारीको बढ्दो संक्रमणलाई ध्यानमा राखी यस आयोगमा भौतिकरूपमा हुने जनसम्पर्क, गुनासो, सूचनाको माग, पुनरावेदन जस्ता कुराहरूलाई व्यक्ति आफै उपस्थित भएर प्रकियामा जानु भन्दा इमेल, फ्याक्स जस्ता विद्युतीय माध्यमबाट गर्नु किफायती, सहज तथा सरल एवं स्वास्थ्य र सुरक्षाका दृष्टिले समेत प्रभावकारी हुने भएकाले विद्युतीय माध्यमको प्रयोग गर्न सम्बन्धित सबैमा अनुरोध गर्ने ।

४. अन्य विविध बिषयमा छलफल भयो ।